आज मिति २०७९/०४/२९ गतेका दिन गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को ८९ औं बैठक गण्डकी गाउँपालिका अध्यक्ष श्री दिपक तिमिल्सिनाज्यू को अध्यक्षतामा बस्यो । उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| उपस्थिति | | | |
|---|---|---|---|
| क सं | पदाधिकारीज्यूहरुको नाम थर | पद | हस्ताक्षर |
| १ | श्री दिपक तिमिल्सिना | अध्यक्ष | |
| २ | श्री ललिता अधिकारी | उपाध्यक्ष | |
| ३ | श्री तोप मान गुरुङ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री यम बहादुर थापा | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री सुवास पन्त | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री राजुबाबु भण्डारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री पहलमान वयलकोटी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री तुल बहादुर गुरुङ | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री तुलसी रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| १० | श्री कोकिल बहादुर पुलामी मगर | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री सीताराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | श्री अ माया राना | कार्यपालिका सदस्य | अ माया |
| १३ | श्री कुन्ती माया प्रजा | कार्यपालिका सदस्य | कुन्ती |
| १४ | श्री तारा परियार | कार्यपालिका सदस्य | तारा |
| १५ | श्री लक्ष्मी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १६ | श्री लक्ष्मी वाग्दास | कार्यपालिका सदस्य | |
| १७ | श्री रिजेश उपरकोटी | प्रमुख प्रशासकीय अधिकृत/ सदस्य सचिव | |

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १

कर्मचारी व्यवस्थापन सम्बन्धि प्रस्ताव आजको यस बैठकमा पेस भइ छलफल हुँदा गण्डकी गाउँपालिकामा कर्मचारी व्यवस्थापन सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

१) गाउँपालिका स्थित स्वास्थ्य इकाइ, कृषि र पशु सेवातर्फ पदपूर्ति गर्ने सम्बन्धमा सम्बन्धित सबै स्वास्थ्य इकाइहरुमा अध्ययन गरी आवश्यक कर्मचारी पदपूर्ती गर्ने र कृषि तथा पशु सेवाको विस्तृत अध्ययन पश्चात आवश्यक निर्णय गर्ने

२) गाउँपालिकास्थित प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र आयुर्वेद औषधालय, गाउँपालिकाको प्राविधिक कर्मचारी इन्जिनियर, आइ.टी अफिसर, प्रधानमन्त्री रोजगार कार्यक्रम संयोजक, रोजगार प्राविधिक सहायक, सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा अन्तर्गतका एम आइ एस अपरेटर र फिल्ड सहायक, लघु वित्त मेड्पा कार्यक्रम अन्तर्गतका उद्यम विकास सहजकर्ताहरु, अमिन, गाउँपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र अन्तर्गतका कार्यालय सहयोगीहरु, सवारी चालकहरु (हेभी र हलुका), ल्याब टेक्निसियन पाँचौ, कृषि शाखा अन्तर्गतको ससर्त अनुदानमा उल्लेख भए बमोजिमको कर्मचारी, चेपाङ पोषण कार्यक्रम अन्तर्गत पोषण स्वयम सेवक समेतका दरबन्दीहरुमा नियमानुसार पदपूर्ति गर्ने। स्वास्थ्य चौकी र कार्यालय सहयोगीहरुको गाउँपालिकाबाट स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्ने ।

निर्णय नं. २

गण्डकी गाउँपालिकाको आफ्नो क्षेत्रभर लागू हुनेगरी निर्माण सामग्री र ढुवानी दररेट, मेसिन तथा उपकरणको भाडा लगायत कामदारहरुको ज्याला निश्चित गरी दररेट निर्धारण गर्न गण्डकी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को दफा १५८ उपदफा १ बमोजिम व्यवस्था भएको दररेट निर्धारण समितिमा कार्यपालिका सदस्यको तर्फबाट कार्यपालिका सदस्य एवं वडा नं. ६ का वडा अध्यक्ष श्री तुल बहादुर गुरुङलाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

गण्डकी गाउँपालिकाको अपाङ्गता परिचय पत्र वितरण स्थानीय समन्वय समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपसिलः

१) गाउँपालिका उपाध्यक्ष - संयोजक
२) गाउँपालिकाको महिला सदस्यमध्येबाट श्री फुलमाया नेपाली सिर्मल - सदस्य
३) गाउँपालिका भित्रका माध्यमिक विद्यालयका प्रधानाध्यापक वा स्रोत व्यक्तिमध्येबाट श्री भद्रकाली मा. वि. को प्रधानाध्यापक श्री सृजना श्रेष्ठ - सदस्य
४) स्थानीय स्वास्थ्य चौकी वा अस्पतालको चिकित्सकमध्येबाट श्री पुस्कर खनाल - सदस्य
५) प्रहरी चौकी भुम्लिचोक प्रमुख - सदस्य
६) अपाङ्गता भएका व्यक्तिको हक, हित र संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संघ संस्याहरु मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको संस्थाको प्रतिनिधि - सदस्य
७) गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्येबाट समन्वय समितिले मनोनित गरेको एक जना महिला सदस्य सहित ३ जना - सदस्य
८) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
९) गाउँपालिकाको उपाध्यक्षले तोकेको गाउँपालिकाको कर्मचारी मध्येबाट सहायक पाँचौ श्री गोपी कोइराला -सदस्य सचिव

**निर्णय नं. ४**

निम्न कर्मचारीहरूलाई तपसिल बमोजिम कार्यक्षेत्र तोकी कामकाज लगाउने निर्णय गरियो ।

१) गण्डकी गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत श्री वेली श्रेष्ठ, जनस्वास्थ्य निरिक्षक, अधिकृत छैठौं तहलाई गण्डकी गाउँपालिका वडा नं. ५ दर्बुङ्ग स्थित दर्बुङ्ग स्वास्थ्य चौकीमा कार्यालय प्रमुखको जिम्मेवारी सहित कामकाजमा खटाउने । स्वास्थ्य निरिक्षक (छैठौं तह)
२) दर्बुङ्ग स्वास्थ्य चौकीमा कार्यरत ~~सि.अ.हे.व.~~ श्री कुमार सुनारलाई गण्डकी गाउँपालिका स्वास्थ्य शाखामा शाखा प्रमुखको जिम्मेवारी सहित कामकाजमा खटाउने ।
३) आयुर्वेद औषधालय घ्याल्चोकमा कार्यरत वैद्य निरिक्षक (अधिकृत छैठौं तह) श्री महेन्द्र पन्तलाई दर्बुङ्ग फुजेल आयुर्वेद औषधालयमा कार्यलय प्रमुखको जिम्मेवारी सहित कामकाजमा खटाउने र दर्बुङ्ग फुजेल आयुर्वेद औषधालयमा कार्यरत वैद्य निरिक्षक (अधिकृत छैठौं तह) श्री कृष्ण प्रसाद दुवाडीलाई कार्यालय प्रमुखको जिम्मेवारी सहित घ्याल्चोक आयुर्वेद औषधालय, घ्याल्चोकमा कामकाजमा खटाउने ।

**निर्णय नं. ५**

साविकका कृषि तथा पशु विकास तर्फका एक गा.वि.स. एक प्राविधिक (OVOT) मार्फत कार्यरत छ जना प्राविधिक कर्मचारीहरूलाई मासिक रू २८६१० (अक्षरूपी अठ्ठाइस हजार छ सय दश) मात्र भुक्तानी हुनेगरी बढीमा एक वर्षको लागि मिति २०७९/०४/०१ देखि लागु हुने गरी सेवा करार म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाको नियमित मासिक बैठक आकस्मिक अवस्थामा बाहेक प्रत्येक महिनाको ५ गते बस्ने र सो दिन विदा परेमा सोको भोलिपल्ट बस्ने गरी बैठक व्यवस्थापन गर्ने निर्णय गरियो।

२०७९/०४/१२
निर्णय प्रमाणित

रिजेश उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
२०७३